कानून,न्याय तथा संसदीय मामिला मन्त्रालय,सिंहदरबार,काठमाडौं
प्रत्यायोजित विधायनको प्रकृति : कार्यविधि
दर्ता नं: ४०००२
दर्ता मिति: २०८२/१०/२६

# The Journal of Agriculture and Environment प्रकाशन सम्बन्धी कार्यविधि, २०८२

१. प्रत्यायोजित विधायन जारी गर्ने मन्त्रालयः कृषि तथा पशुपन्छी विकास मन्त्रालय

२. निर्णय गर्ने अधिकारीः मा. कृषि तथा पशुपन्छी विकास मन्त्री

३. निर्णय मितिः २०८२/१०/१९

४. दर्ता नं. र मितिः

कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट प्रकाशन हुने The Journal of Agriculture and Environment लाई कृषि तथा वातावरण क्षेत्रको स्तरीय प्राज्ञिक जर्नलका रूपमा विकास गर्न र यसको प्रकाशनलाई थप व्यवस्थित गर्न आवश्यक भएकोले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६५ को उपदफा (४) ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले यो कार्यविधि बनाई लागू गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम " The Journal of Agriculture and Environment प्रकाशन सम्बन्धी कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "कृषि" भन्नाले समग्रमा बाली, पशुपन्छी तथा मत्स्य र सो सँग सम्बन्धित विषय क्षेत्र सम्झनु पर्छ।

(ख) "जर्नल" भन्नाले मन्त्रालयबाट प्रकाशन हुने The Journal of Agriculture and Environment सम्झनु पर्छ।

(ग) "लेखक" भन्नाले जर्नलमा प्रकाशित हुने लेख रचनाको लेखक सम्झनु पर्छ र सो शब्दले लेख रचनाको सहलेखक समेतलाई जनाउँनेछ ।

(घ) "सम्पादक मण्डल" भन्नाले जर्नलको प्रधान सम्पादक र सम्पादक सम्झनु पर्छ र सो शब्दले सम्पादक मण्डलले आमन्त्रण गरेको विषयविज्ञ सम्पादक, भाषा सम्पादक तथा अतिथि सम्पादक समेतलाई जनाउँनेछ ।

(ङ) "मन्त्रालय" भन्नाले संघीय कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्झनु पर्छ।

३. जर्नल प्रकाशन तथा सम्पादन सम्बन्धी व्यवस्थाः जर्नलको प्रकाशन तथा सम्पादन सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः-

(क) मन्त्रालयले वार्षिक रूपमा The Journal of Agriculture and Environment नामक जर्नल प्रकाशन गर्नेछ।

(ख) जर्नलमा दफा ४ मा उल्लेख भए बमोजिमको विषयक्षेत्रका लेख रचना समावेश गरिनेछ। नीतिगत, तथ्यपरक, विश्लेशणात्मक, प्रयोगात्मक, सैद्धान्तिक एवम् अनुसन्धानमुलक मौलिक लेख रचनालाइ क्रमशः प्राथमिकता दिइनेछ ।

(ग) लेखकबाट प्राप्त भएको लेखको पाण्डुलिपी तथा लेखकको परिचय लगायतका विषय जर्नल प्रकाशन पूर्व सम्पादक मण्डल तथा जर्नल प्रकाशनका क्रममा सम्पादक मण्डल र



सचिव

डा. मदन प्रसाद परियार
कृषि तथा पशुपन्छी विकास मन्त्री

संलग्न कर्मचारीमा गोप्य रहनेछ। अस्वीकृत लेख रचना तथा लेखकको परिचय सार्वजनिक गरिने छैन।

(घ) प्रकाशनका लागि लेख रचना स्वीकृत वा अस्वीकृत गर्ने अधिकार सम्पादक मण्डलमा रहनेछ। Peer reviewer बाट स्वीकृत लेख रचना सम्पादक मण्डलले अस्वीकृत गर्न सक्नेछ र अस्वीकृत भएका लेख रचनाका सम्बन्धमा सम्बन्धित लेखकलाई जानकारी गराइनेछ।

(ङ) कुनै व्यक्ति वा समुदाय वा सम्प्रदाय विशेषको प्रतिष्ठामा आँच पुग्ने गरी लेखिएका लेख रचना प्रकाशनमा समावेश गरिने छैन।

(च) कुनै राजनैतिक विचारप्रति प्रत्यक्ष झुकाव राख्ने लेख रचना प्रकाशनमा समावेश गरिने छैन।

(छ) अन्यत्र प्रकाशन भइसकेको लेख रचना स्वीकार गरिने छैन। अन्यत्र प्रकाशित लेख रचनाको कुनै अंश वा खण्ड हुबहु नक्कल गरेको लेख रचना समावेश गरिने छैन।
तर त्यस्ता लेख रचनाको कुनै अंश वा खण्ड लेख रचनामा समावेश गर्दा तोकिएको ढाँचामा अनिवार्य रुपमा स्रोत खुलाउनु पर्नेछ।

(ज) प्राप्त लेख रचनाको पारस्परिक नक्कल परीक्षण (Plagiarism Test) गरिनेछ। यस्तो परीक्षणमा असफल लेख रचनालाई प्रकाशनमा समावेश गरिने छैन।

(झ) संयुक्त रूपमा लेखिएका लेख रचनामा मूल लेखक तथा सहलेखकको परिचय तथा आबद्धता स्पष्ट रूपमा खुलाउनु पर्नेछ ।

(ञ) प्रचलित नेपाल कानुन, सरकारका नीति तथा कार्यक्रम प्रतिकूलका लेख रचना प्रकाशनमा समावेश गरिने छैन।
तर उल्लिखित विषयमा अनुसन्धानमूलक, तथ्यपरक र विश्लेषणात्मक दृष्टिले लेखिएका लेख रचना समावेश गर्न बाधा पुर्‍याएको मानिने छैन।

(ट) जर्नलमा प्रकाशित लेख रचनाको प्रतिलिपि अधिकार प्रचलित कानून बमोजिम मन्त्रालयसँग रहनेछ।

(ठ) जर्नलमा प्रकाशित लेख रचनामा व्यक्त धारणा सम्बन्धित लेखकको निजी धारणा हुनेछ। यसप्रति प्रकाशक तथा सम्पादक मण्डल जवाफदेही हुने छैन।

४. <u>प्राथमिकताको विषयक्षेत्र:</u>(१) जर्नलमा प्रकाशन हुने लेख रचनाका प्राथमिकताको विषयक्षेत्र देहाय बमोजिम हुनेछन् :-

(क) नेपालको कृषि प्रणाली तथा वातावरण

(ख) जलवायु परिवर्तन तथा कृषि क्षेत्र

(ग) कृषि जैविक विविधता

(घ) खाद्य तथा पोषण सुरक्षा, खाद्य स्वस्च्छता

(ङ) कृषि सम्वन्धी व्यापार नीति

(च) कृषि व्यवसायीकरण, यान्त्रीकीकरण

(छ) कृषिमा डिजिटलाइजेशन तथा कृतिम बौद्धिकताको प्रयोग



सचिव

डा. मदन प्रसाद परियार
कृषि तथा पशुपन्छी विकास मन्त्री

(ज) कृषिमा लैङ्गीक सवाल

(२) उपदफा (१) मा उल्लेख भएका क्षेत्रमा नीतिगत विश्लेषणलाई प्राथमिकता दिईनेछ र यसका अतिरिक्त जर्नल प्रकाशनपूर्व सम्पादक मण्डलले आवश्यकता अनुसार विषयक्षेत्र थप गर्न सक्नेछ।

(३) मन्त्रालयले आवश्यक ठानेमा कुनै वर्ष कुनै खास विषय क्षेत्रमा रही विषेशाङ्क जर्नल प्रकाशन गर्न सक्नेछ।

५. लेख रचनाको ढाँचा: (१) जर्नलमा प्रकाशन गरिने लेख रचनाको ढाँचा देहायबमोजिम हुनेछः-

(क) शीर्षक (Heading),

(ख) लेखसार (Abstract) (२०० शब्दसम्म),

(ग) मुख्य शब्दावली (Keywords) (५ शब्दसम्म),

(घ) परिचय (Introduction),

(ङ) साहित्य समिक्षा (Literature Review)

(च) कार्यपद्धती (Methodology)

(छ) नतिजा र विश्लेषण (Result and Discussion),

(ज) सिफारिस (Recommendation)

(झ) निष्कर्ष (Conclusion),

(ञ) सन्दर्भ सामग्री (References)

(२) जर्नलमा समावेश गरिने लेख रचना बढीमा चार हजार पाँचसय शब्दसम्म (सन्दर्भ सामग्री बाहेक) हुनु पर्नेछ।

(३) जर्नलमा समावेश लेख रचनाको पृष्ठ नमुना (Page Setup Template) अनुसूची -१ मा तोकिएको ढाँचा बमोजिम हुनेछ ।

६. सम्पादक मण्डल: (१) जर्नलको संरक्षक मन्त्रालयको सचिव हुनेछ ।

(२) जर्नल प्रकाशनका लागि देहायबमोजिमको सम्पादक मण्डल रहनेछः-

(क) महाशाखा प्रमुख, खाद्य सुरक्षा तथा खाद्य प्रविधि महाशाखा - प्रधान सम्पादक

(ख) मन्त्रालयले तोकेको बढीमा दुई जना विषय विज्ञ - सम्पादक

(ग) शाखा प्रमुख, कृषि जैविक विविधता तथा वातावरण शाखा - सम्पादक

(घ) अधिकृत, कृषि जैविक विविधता तथा वातावरण शाखा - सम्पादक

(३) सम्पादक मण्डलले जर्नल प्रकाशनका क्रममा हुने बैठकमा आवश्यकताअनुसार बढीमा ३ जना विषय विज्ञ सम्पादक, भाषा सम्पादक, अतिथि सम्पादक तथा अन्य विज्ञ कर्मचारीलाई आमन्त्रण गर्न सक्नेछ ।

७. विषयविज्ञ समीक्षा (Peer Review) सम्बन्धी व्यवस्था: (१) मन्त्रालयले सूचना मार्फत अनुसूची -२ बमोजिमको फर्मेटमा विवरण माग गरी विषयविज्ञ समीक्षक (Peer Reviewer) को रोष्टर प्रत्येक वर्ष अध्यावधिक तथा तयार गर्नेछ।

(२) सम्पादक मण्डलले जर्नल प्रकाशनका लागि प्रारम्भिक छनौट न्युनतम २० देखि अधिकतम २५ वटा लेख रचना विषयविज्ञ समीक्षकद्वारा समीक्षा (Peer Review) गराउनेछ ।



नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय

सचिव

डा. मदन प्रसाद परियार
कृषि तथा पशुपन्छी विकास मन्त्री

(३) विषयविज्ञ समीक्षक (Peer Reviewer) को शैक्षिक योग्यता तथा अनुभव देहाय बमोजिम हुनु पर्नेछः-

(क) सम्बन्धित विषयमा स्नातकोत्तर वा सोभन्दा माथिल्लो शैक्षिक योग्यता उपाधी प्राप्त गरेको,

(ख) कृषि क्षेत्र तथा सार्वजनिक नीति सम्बन्धी जर्नलको सम्पादक वा विषय समीक्षक (Peer Reviewer) का रूपमा काम गरेको वा लेख रचनासँग सम्बन्धित विषयका विश्वविद्यालयका उप/सहप्राध्यापक वा प्राध्यापकका रूपमा अध्यापन वा सेवानिवृत्त भएको वा लेखरचनासँग सम्बन्धित विषयमा अनुभव हासिल गरेको वा सम्बन्धित विषयमा विज्ञता भएको ।

(४) विषयविज्ञ समीक्षक (Peer Reviewer) ले देहाय बमोजिमका विषयलाई आधार मानी लेख रचनाको समीक्षा गर्नु पर्नेछः-

(क) सूचनामा उल्लेख भए बमोजिमको विषयक्षेत्र,

(ख) सम्बन्धित सामाग्रीको प्रयोग,

(ग) उपयुक्त विधिको चयन

(घ) विषयवस्तुको प्रस्तुतीकरण र शैली,

(ङ) विषयवस्तुको तथ्यगत शुद्धता,

(च) विषयवस्तुको विश्लेषण तथा शीर्षकसँगको तादात्म्यता आदि।

(५) विषयविज्ञ समीक्षक (Peer Reviewer) ले लेख रचनाको अनुसूची -३ बमोजिमको ढाँचामा समीक्षा गरी सम्पादक मण्डललाई उपलब्ध गराउनु पर्नेछ। यसरी प्राप्त प्रतिक्रिया तथा पृष्ठपोषण सम्पादक मण्डलले आवश्यकता बमोजिम सम्बन्धित लेखकलाई उपलब्ध गराउनेछ ।

(६) विषयविज्ञ समीक्षा (Peer Review) को लागि लेख रचना पठाउँदा लेखकको परिचय गोप्य राखिनेछ ।

८. <u>लेखकले पालना गर्नुपर्ने विषय:</u> जर्नलमा लेख रचना पठाउन इच्छुक लेखकले देहायका शर्तहरुको पालना गर्नु पर्नेछः-

(क) लेख रचना दफा ३ बमोजिमको प्रकाशन तथा सम्पादन सम्बन्धी व्यवस्था अनुकुल हुनु पर्नेछ।

(ख) लेख रचना दफा ४ मा निर्धारित विषयक्षेत्र भित्रको हुनु पर्नेछ ।

(ग) लेख रचना दफा ५ मा तोकिएको ढाँचामा तयार गरी पठाउनु पर्नेछ।

(घ) लेख रचनामा प्रस्तुत गरिएका चित्र, टेबल, तालिका आदि सम्पादन (Edit) गर्न सकिने हुनु पर्नेछ ।

(ङ) लेखक तथा सहलेखकको नाम, ठेगाना, मोबाइल नम्बर, इमेल तथा आबद्ध संस्था भएमा नाम र पद खुलाउनु पर्नेछ ।

(च) कुनै संस्था वा व्यक्तिको कुनै प्रकारको सहयोग (आर्थिक, प्राविधिक वा अन्य) बाट अनुसन्धान कार्य गरेको भए सहयोगकर्ता वा दातालाई लेखको अन्त्यमा कृतज्ञता ज्ञापन गरेको हुनु पर्नेछ ।



नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय

सचिव

डा. मदन प्रसाद परियार
कृषि तथा पशुपन्छी विकास मन्त्री

(छ) विषयविज्ञ समीक्षक (Peer Reviewer) ले सम्पादक मण्डल मार्फत दिएको प्रतिक्रिया तथा पृष्ठपोषणलाई लेखकले सम्बोधन गर्नु पर्नेछ ।

(ज) जर्नलमा लेख रचना प्रकाशन गरे बापत लेखकले कुनै पारिश्रमिक दावी गर्न पाउने छैन।

(झ) नक्कल परीक्षण (Plagiarism Test) बढीमा १० प्रतिशतसम्म मान्य हुनेछ र सो को आधिकारीक प्रतिवेदन लेखक स्वयंले लेख रचनासँग संलग्न गरी पठाउनु पर्नेछ।

(ञ) लेखकले यस जर्नलमा प्रकाशनको लागि पेश गरेको लेख रचना यसबाहेक अन्यत्र कतै प्रकाशनका लागि पेश गरिएको वा नभएको अनुसूची -४ बमोजिम स्वःघोषणा गर्नु पर्नेछ।

९. <u>सूचना प्रकाशन गर्ने</u>: (१) जर्नलको प्रत्येक अङ्कको प्रकाशनका लागि लेख रचना पठाउने मिति तथा समयसीमा तोकी मन्त्रालयले वेबसाइटमा सूचना प्रकाशन गर्नेछ।

(२) निर्धारित समयसीमाभित्र तथा तोकिएको ढाँचामा प्राप्त नभएको लेख रचना स्वीकार गर्न सम्पादक मण्डल बाध्य हुने छैन।

१०. <u>लेख रचना छनौट प्रकृया</u>: जर्नलका लागि प्राप्त हुने लेख रचना प्रकाशनका लागि छनौट गर्दा अनुसूची -५ बमोजिमको प्रक्रिया अपनाइनेछ।

११. <u>प्रकाशन, अभिलेखीकरण तथा वितरण</u>: (१) जर्नलको विद्युतीय प्रकाशन प्रति मन्त्रालयको वेब पोर्टलमा र मुद्रित २ (दुई) प्रति पुस्तकालयमा अभिलेखीकरण गरिनेछ।

(२) जर्नल प्रकाशनका लागि मन्त्रालयले आवश्यक बजेट व्यवस्था गर्नेछ।

(३) मन्त्रालयले विभिन्न अनलाइन माध्यम (www.nepjol.info लगायत) मा जर्नलको प्रकाशन तथा बिद्युतीय अभिलेखका लागि आवश्यक व्यवस्था गर्न सक्नेछ।

(४) मन्त्रालयले जर्नल वितरणको लागि आवश्यक व्यवस्था गर्न सक्नेछ।

१२. <u>पारिश्रमिक सम्बन्धी व्यवस्था</u>: जर्नल प्रकाशनका क्रममा संलग्न सम्पादक मण्डल, विषयविज्ञ समीक्षक (Peer Reviewer), जर्नल टाइप, पेज सेटिङ्ग र लेआउट डिजाइन गर्ने कर्मचारी तथा आमन्त्रित सदस्य समेतलाई अनुसूची -६ बमोजिम पारिश्रमिक उपलब्ध गराइनेछ।

१३. <u>विविध</u>: मन्त्रालय अन्तर्गतका अन्य निकायहरुबाट प्रकाशन हुने जर्नलहरुका सम्बन्धमा यसै कार्यविधिलाई मार्गदर्शनको रुपमा प्रयोग गर्न सकिनेछ।

१४. <u>प्रविधिको प्रयोग</u>: लेख रचनालाई व्यवस्थित, प्रभावकारी ढङ्गले सम्प्रेषण तथा प्राप्तीलाई छिटो छरितो बनाउन एउटा छुट्टै वास्तविक समय (Real Time) मा आधारीत सफ्टवेयर/विद्युतीय प्रणालीलाई क्रमशः प्रयोगमा ल्याईनेछ।

१५. <u>संशोधन गर्न सक्ने</u>: यस कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै द्विविधा उत्पन्न भएमा वा कुनै बाधा अड्काउ आईपरेमा मन्त्रालयले आर्थिक विषय बाहेकका विषयमा आवश्यक निर्णय गरी स्पष्ट गर्न वा बाधा अड्काउ फुकाउन सक्नेछ ।

१६. <u>प्रचलित कानून बमोजिम हुने</u>: यस कार्यविधिमा उल्लेख भएका विषयमा यसै कार्यविधि बमोजिम तथा अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

सचिव

डा. मदन प्रसाद परियार
कृषि तथा पशुपन्छी विकास मन्त्री

अनुसूची -१

(दफा ५ को उपदफा (३) सँग सम्बन्धित)

## लेख रचनाको पृष्ठ नमुना (Page Setup Template)

1. The manuscript must be an original work written in English and not published elsewhere.
2. The title should be short and specific, but it should reflect the contents of the manuscript.
3. The abstract should be in **Times New Roman** font (italics) 11-point font size, not exceeding 200 words, and should concisely state the major objective, methodology, findings, and conclusion. It should not include a diagram, a footnote, an equation, or any parenthetical references.
4. (Italic) in alphabetical order should not exceed five standard words.
5. The main text of the technical manuscripts should include heading, abstract with five keywords, introduction, methodology, results and discussion, recommendation, conclusion, and references. If any institution or individual has provided any kind of support (financial, technical, or otherwise) for the research work, the supporter or donor must be acknowledged at the end of the article
6. The manuscript should not exceed 4500 words in total. It should be in MS Word with pages set on A4 size, the top and left margins at 3 cm, and the right and bottom margins at 2.5 cm. The text format should be on **Times New Roman** font, 11-point size, single-spaced and **double columned**. Authors are encouraged to use the following **Microsoft Word-template** to prepare the manuscript.
    a. The title of the manuscript, set as HEADING 1 (paragraph style), should be all capitalized in bold 12-point font size.
    b. Name of the author(s) should follow the title in a new paragraph in normal 10-point font size, bold.
    c. The level 1 headings should be all capitalized and bold 11- point font size. The level 2 headings should be bold, italic, and the first letter capitalized and in a bold 11- point font size. The level 3 headings should be in sentence case, italicized, and normal.
    d. In tables, borders should be minimized, and text and numbers should be in a 9-point font size.
    e. Bibliographic entries in the reference should be in a 9-point font size.
7. The number of footnotes should be minimized, and they should not be cited.
8. Many/big tables and figures in the text should be avoided. Supplementary figures and tables may be placed in the annexure.
9. Whenever possible, SI Units (International System of Units) should be used.
10. Images, should be in any of the PNG/JPEG/ TIFF/GIF diagrams should be of high-quality illustrations and in editable form. Written text in an image should be clear and easy to read, and located only at the top or bottom of the page.
11. APA 7th referencing style should be used and must be individually listed in alphabetical order of at the end of the manuscript. Referencing style should be different for books, journals, dissertations, newspapers and other unpublished materials. Some examples are given below:

For a journal article:
Joshi, P., Chauysrinule, C., Mahakarnchanakul, W., & Maneeboon, T. (2022). Multi-Mycotoxin Contamination, Mold Incidence and Risk Assessment of Aflatoxin in Maize Kernels Originating from Nepal. Microbiology Research, 13(2), 258-277.

For a book:
Manay Shakuntala, N., & Shadaksharaswami, M. (2001). Food Facts and Principles. New Age International (P) Limited, New Delhi, India.

For a chapter in a book:
Hinton, D.P., & Stevens-Gill, D. (2016). Psychometrics in organisational settings. In A. Attrill & C. Fullwood (Eds.), Applied cyberpsychology: Practical applications of cyberpsychological research and theory (pp. 236–255). London: Palgrave Macmillan.

For webpages:
British Psychological Society (BPS). (2018). Code of Ethics and Conduct (2018). Retrieved from https://bps.org.uk/news-and-policy/bps-code-ethics-and-conduct

For a thesis/dissertation:
JOSHI, P., & Mahakarnchanakul, W. (2022). Assessment of Mycotoxins and Fungal Profile in Nepalese Maize (Doctoral dissertation, Kasetsart University).

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

सचिव

डा. मदन प्रसाद परियार
कृषि तथा पशुपन्छी विकास मन्त्री

अनुसूची -२

(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

## विषयविज्ञ समीक्षक (Peer Reviewer) सूचीमा नाम दर्ता फारम

व्यक्तिगत विवरणः

| | | | |
|---|---|---|---|
| नाम, थरः | | PAN नम्वरः | |
| जन्म मितिः | | स्थायी ठेगानाः | |
| इमेलः | | कार्यरत संस्था/कार्यालयः | |
| मोबाइल नम्बरः | | पेसागत आवद्धताः | |

कार्य अनुभव सम्बन्धी विवरणः (√) चिन्ह लगाउनु होस्

| | |
|---|---|
| कार्य क्षेत्रः | (१) निजामती ( ) (२) सरकारी ( ) (३) संस्थान ( )<br>(४) विश्वविधालय ( ) (५) गैरसरकारी संस्था:राष्ट्रिय () वा अन्तर्राष्ट्रिय () |
| | उल्लिखित बाहेक अन्य भए खुलाउनेः |

कार्य अवस्थाः

| | | |
|---|---|---|
| **(१) कार्यरत ( )** | | |
| कार्यरत पदः | | श्रेणी/तहः |
| कार्यालयः | | |
| **(२) सेवा निवृत ( )** | | |
| सेवा निवृत पद/ श्रेणीः | | |
| सेवा निवृत पश्चात कार्यरत भए कार्यालय/संस्था र पदः | | |

कार्य अनुभव (पछिल्लो २ वटा)

| क्र.सं. | श्रेणी/तह | पद | कार्यालय/निकाय | सेवा अवधि | अनुभवको विषय |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

शैक्षिक योग्यताः

| क्र.सं. | तह | डिग्री | विषय |
|---|---|---|---|
| १ | Bachelor | | |
| २ | Masters | | |
| ३ | PhD. | | |

दक्षताको क्षेत्रः

प्रकाशित कृति भए उल्लेख गर्नेः

अन्य केही भए उल्लेख गर्नेः

दस्तखतः

मितिः

डा. मदन प्रसाद परियार
कृषि तथा पशुपन्छी विकास मन्त्री

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरवार, काठमाण्डौं

सचिव

अनुसूची -३

(दफा ७ को उपदफा (५) सँग सम्बन्धित)

**Guidelines for Reviewers**

A. Consider the guidelines forwarded to the author(s) as in schedule 1.

B. Evaluate the manuscript if it satisfies the journal requirements and meet the standards.

C. We hope your candid opinion regarding approval or rejection of the manuscript. Please fill up the format in D based on your evaluation on the manuscript

D. Should the manuscript be rejected for its publication in the journal, fill up the Box 1.

| Box 1: The manuscript is rejected on the following reasons |
|---|
| |

E. Should it be accepted, with or without recommended editions, fill up Box 2

| Box 2: The manuscript is approved for its publication in the journal. However, it deserves following corrections by the author(s) |
|---|
| |

F. Considering time factor upon sending the reviewers' comments to the author(s), for required editions, possible corrections by reviewer(s) without any deviation from the author(s)' idea is acceptable.

G. The reviewer(s) will be remunerated as per the journal norms upon submission of the reviewed manuscript and the report.

डा. मदन प्रसाद परियार
कृषि तथा पशुपन्छी विकास मन्त्री

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची -४

(दफा ८ सँग सम्बन्धित)

## COPYRIGHT TRANSFER FORM

Main Author:

Corresponding Author:

Title of Manuscript:

Address:

Telephone No:

E-mail:

Co-Author............................ E-mail:.........................Affiliations: .......................................

Co-Author............................ E-mail:.........................Affiliations: .......................................

Co-Author............................ E-mail:.........................Affiliations: .......................................

**Copyright Transfer Statement**

The copyright to this article is transferred to The Journal of Agriculture and Environment if and when the article is accepted for publication. The undersigned hereby transfers any and all rights in and to the paper including without limitation all copyrights to The Journal of Agriculture and Environment. The undersigned hereby represents and warrants that the paper is original and that he/she is the author of the paper, except for material that is clearly identified as to its original source, with permission notices from the copyright owners where required. The undersigned represents that he/she has the power and authority to make and execute this assignment.

We declare that:

1. This paper has not been published in the same form elsewhere.
2. It will not be submitted anywhere else for publication prior to acceptance/rejection by this Journal.
3. A copyright permission is obtained for materials published elsewhere and which require this permission for reproduction.

Furthermore, I/We hereby transfer the unlimited rights of publication of the above-mentioned paper in whole to The Journal of Agriculture and Environment. The copyright transfer covers the exclusive right to reproduce and distribute the article, including reprints, translations, photographic reproductions, microform, electronic form (offline, online) or any other reproductions of similar nature.

The corresponding author signs for and accepts responsibility for releasing this material on behalf of any and all co-authors. This agreement is to be signed by at least one of the authors who have obtained the assent of the co-author(s) where applicable. After submission of this agreement signed by the corresponding author, changes of authorship or in the order of the authors listed will not be accepted.

Yours Sincerely,

Corresponding Author Signature................................................ Date......................................

Co-Author: ..............................Signature................................Date......................................

Co-Author: ..............................Signature................................Date......................................

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं



डा. मदन प्रसाद परियार
कृषि तथा पशुपन्छी विकास मन्त्री

अनुसूची -५

(दफा १० सँग सम्बन्धित)

## लेख/रचना छनौट प्रकृया



अनुसूची -६

(दफा १२ सँग सम्बन्धित)

<u>पारिश्रमिक सम्बन्धी व्यवस्था</u>

| क्र.सं. | पदाधिकारी/कर्मचारी | पारिश्रमिक (करसहित) | कैफियत |
|---|---|---|---|
| १. | सम्पादक मण्डल | नेपाल सरकार, कार्यसंचालन निर्देशिका २०८१ को परिच्छेद ७ को बुँदा नं ५५ बमोजिम | |
| २. | विषयविज्ञ समीक्षक (Peer reviewer) | प्रति समीक्षक रु २,०००/- | बढीमा २५ वटा लेखको Peer review हुने र १ वटा लेखको लागि २ वटा समीक्षकले समीक्षा गर्ने |
| ३. | जर्नल टाइप, पेज सेटिङ्ग तथा लेआउट डिजाइन गर्ने कर्मचारी | नेपाल सरकार, कार्यसंचालन निर्देशिका २०८१ को परिच्छेद ७ को बुँदा नं ५५ बमोजिम | |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

सचिव

डा. मदन प्रसाद परियार
कृषि तथा पशुपन्छी विकास मन्त्री